## बैठक नं. - सातौं
## मितिः २०७४।०५।२८ गते बुधबार

**निर्णयहरु :**

निणर्य नं. १- यस मुसिकोट नगरपालिकाको क्षेत्रभित्र रहेका तपशिल बमोजिमका सडकहरु (सडक सरसफाई) तर्फको बजेत बमोजिम सडक मर्मत् (सरसफई) गर्ने निर्णय गरीयो ।

| | | |
|---|---|---|
| १. | झुल्खेत घट्टेखोला धुपीबोट सडक | ५० हजार |
| २. | सितलपोखरी झुल्खेत सडक | ४० हजार |
| ३. | झुल्खेत चुन सडक | ६० हजार |
| ४. | चौतारा दोपाई बागखोर | ५० हजार |
| ५. | मठ डिग्रे सडक | ५० हजार |
| ६. | रातापहर झुल्खेत सडक | ६० हजार |
| ७. | छेरा बगर काउलेचौर सादन चौर | ५० हजार |
| ८. | घ्युखोला गाराघाट सडक | ५० हजार |
| ९. | सल्ले गिलकाङ छिङ सडक | ६० हजार |
| १०. | सल्ले पानढुंगा छिङ सडक | ६० हजार |
| ११. | बैरागी काङगेखोला सडक | ५० हजार |
| १२. | पातुखोला राउखेत सडक | ५० हजार |
| १३. | काङगेखोला काँशपोखरी सडक | २५ हजार |
| १४. | मेलचौर बसीबाङ सडक | ३० हजार |
| १५. | रिन्दह जगदेउछरा गर्पा सडक | ५० हजार |
| १६. | कोट चौतारा जुगेना बगर ट्याखोला सडक | ५० हजार |
| १७. | छेरा बगर भुम डाडा छिवाङ सडक | ५० हजार |
| १८. | छेरा बगर भुम नयाँगाउ सडक | ५० हजार |
| १९. | बाग बजार देखि ज्यामिन डाडा सडक | ५० हजार |
| २०. | गिलाबाङ विराले पुल सडक | ३० हजार |
| २१. | ट्याखोला पाछिबाङ सडक | ४० हजार |
| २२. | लहरेखेत घुयल डाडा सडक | ५० हजार |

**निर्णय नं.२**

यस नगर पालिकाको बडा दशैको लागी बोका तथा राँगा खरिद तथा अत्य पुर्जा अर्चनाको लागि रु ७५००० पचहत्तर हजार रुपैया विविध तर्फको बजेटबाट खर्च गर्ने निर्णय गरीयो ।

**निणय नं.३**

यस मुसिकोट नगरपालिका क्षेत्रभरीमा बर्षायामको समयमा विभिन्न ठाउमा पहिरो तथा भुक्षय रोक्न आवश्यक पर्ने जालिहरु ।

**निर्णय नं.४.**

यस नगरपालिकको विभिन्न क्षेत्रहरुमा दैविक प्रकोप तथा बाढी पहिरोले क्षति भएको सम्बन्धमा परेको निबेदनको आधारमा अनुगमन तथा मूल्यांकन गरी विपद व्यवस्थापन

समितिले सिफरी गरे बमोजिम नगरा कार्यपालिकाबाट स्वीकृत गरी आर्थीक सहायत प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं.५**

यस नगरपालिकामा अस्पतलको लागि, एम्बुलेन्स, x-ray मेसिन र अस्पतानमा आवश्यक पर्ने विभिन्न औजारहरुको लागि रु ४२ लाख छुट्टयाउने निर्णय गरीयो ।

**निर्णय नं.६**

यस मुसिकोट नगरपालिकाको सम्पुर्ण वडाहरुमा स्वास्थ्य चौकी स्थापना गर्नका लागि पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं.७**

मुसिकोट नगरपालिका अन्तरगत अस्पताल एवं प्राथमिक स्वास्थ्य केन्द्रमा प्रसुति सेवा सञ्चालन गर्न २ जना अनमीको विज्ञापन गर्ने निर्णय गरीयो । साथै आर्युबेदिक केन्द्रको लागि २ जना कार्यालय सहयोगी, पुर्वाधार विकास तर्फ नगरपालिकाको लागी २ जना सव-इन्जिनियर र १ जना अमिनको विज्ञापन गर्ने निर्णय गरीयो ।

निर्णय ८.कृषि अन्तरगतको साना सिचाई आयोजना सञ्चानलको लागि विभिन्न सहकारी संस्थाहरुले सूचना प्रकाशन गर्ने निर्णय गरीयो ।

**निर्णय ९.**

पक्की सडक निर्माणको लागि शहरी विकास तथा भवन निर्माणका विभाग डिभिजन कार्यालय रोल्पाबाट निर्माण गरीने, कालिका स्थान-पुष्पलालचोक जि.प्र.का. हुदै पिपलनेटा सम्मको सडक छनौट गने निर्णय गरियो ।

**निर्णय १०.**

पशु सम्बन्धी विनियोजन भएको रु ९०७७४२० छुट्टयाई पशु सम्बन्धी बिभिन्न कार्यक्रमहरुलाई निर्माण गर्ने ।

**निर्णय ११.**

मुसिकोट नगरपालिका वडा नं. ४ स्थित पानाखोला ट्रस ब्रिज निर्माण लागी वडा कार्यालयबाट सिफारीस माग भई आएकोले सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय १२.**

मुसिकोट नगरपालिका अन्तरगतका अस्पताल/ स्वास्थ्य चौकी औषधी लगाएतका अत्यावश्यक सामग्रीह खरिद गर्नको लागि मुसिकोट नगरकार्यपालिकाले अधिकार प्रत्याजोजन गर्ने निर्णय गरियो ।

**निर्णय १३.**

मुसिकोट नगपीपालिका क्षेत्रमा सञ्चानल गरीने बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि अन्य तर्फबाट विनियोजन गरीएको म्याचिङ फण्डबाट १० लाख छुट्टयाउने निर्णय गरीयो ।

**निर्णय १४.**

यस मुसिकोट नगरकार्यपालिकाको नियति बैठक बस्दा नगर प्रमुख, उप-प्रमुख लगायत अन्य कार्यपालिका सदस्यहरुलाई प्रत्येक बैठकमा १।१ हजारको दरले बैठक भत्ता उपलब्ध गराउने ।

**निर्णय १५.**

मुसिकोट नगरपालिका वडा कार्यालयहरुमा बैठक बस्दा वडा अध्यक्ष र सदस्यकहरु साथै नगरपालिकामा कार्यरत बढीमा २ जनाले १।१ हजारको दरले बैठक भत्ता उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय १६.**

यस नगरपालिका अन्तरगत आ.व. २०७४/७५ मा सञ्चानल गरीने आयोजना तथा कार्यक्रमहरुको तपशिल बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरीयो ।

तपशिलः

| | |
|---|---|
| १. प्रेमकुमारी सुना के.सी. | उप-प्रमुख |
| २. सम्बन्धीत वडा अध्यक्ष | सदस्य |
| ३. याम कुमारी नेपाली | सदस्य |
| ४. प्रमुख प्रशासकीय अधिकृत कार्यकारी / योजना अधिकृत | सदस्य |
| ५. इन्जिनियर | सदस्य |

**निर्णय १७.**

तेस्रो साना शहरी आयोजनाले यस मुसिकोट नगर क्षेत्र संचालन गरिरहेको खानेपानीका पाईपहरु अस्त व्यस्त अवस्थमा गाडीरहेको र उक्त खानेपानी लाईन सुव्यवस्थाको लागी सम्बन्धीत योजनाको ठेकेदारलाई उपस्थित गराई छलफल गर्ने र ७ दिन भित्र निज उपस्थित नभएमा अगाडी बढाई कारबाही गर्ने निर्णय गरीयो ।

**निर्णय १८.**

अस्पतालमा विरामीको लागी खाना व्यवस्थापन गर्न दीनका लागि ठेक्का मार्फत उपलब्ध गराउने गरी नगर कार्यपालिकालाई जिम्मा दिने निर्णय गरीयो ।

**निर्णय १९.**

मुसिकोट नगरपालिका क्षेत्रभित्र मदिरा विकी वितरण गर्दा बेलुका ५ बजेदेखि साझ ९ बजे सम्म मात्र गर्न पाईने र उक्त समायवधि बाहिर मदिरा विकी वितरण र सेवन गरेको पाइएमा कारवाही गर्ने निर्णय गरीयो ।

**निर्णय २०.**

मुसिकोट नगरपालिकाबाट गरीने सम्पुर्ण खरीद सम्बन्धमा नियमन नियन्त्रन र अनुमगन गर्नको लागि तपशिल बमोजिमको अनुगमन समिती गठन गर्ने निर्णय गरीयो ।

| | |
|---|---|
| १. श्री प्रेम कुमारी सुनार के.सी. | (उप-प्रमुख) संयोजक |
| २. श्री काशीराम खड्का | (वडा अध्यक्ष) सदस्य |
| ३. श्री दिपक के.सी. | (वडा अध्यक्ष) सदस्य |

**निर्णय २१.**

जनयुद्धकालमा रजिष्ट्रेशन पास भएका घर जग्गाहरुको लगत संकलन गर्न सम्बन्धीत वडा अध्यक्ष हरुलाई जिम्मा दिने निर्णय गरीयो ।

**निर्णय** २२.

अस्थाई प्रहरी चौकी सोलाबाङको लागि बर्षको समयमा पहिरोले शौचालय क्षति भएकोले उक्त शौचालय निर्माणको लागी विपद् व्यवस्थापन शिर्षकबाट रु २००००० दुई लाख छुट्टयाउने निर्णय गरीयो ।

**निर्णय २३.**

मुसिकोट नगरपालिका अन्तरगत वडा नं २ को राउखेत वडा नं. १ को छिङ वडा नं. १३ को सादनचौर वडा नं. ६ दवाङ र वडा नं. को साँखमा, वडा ४ को शितलपोखरी शान्ति सुरक्षाको लागि प्रहरी चौकी माग गर्ने निर्णय गरीयो ।

**निर्णय २४.**

यस नगरपालिकाको सबै वडाहरुमा खेलकुद प्रवर्द्धनको लागि दशै तिहारलाई लक्षित गरी १०/१० हजारको दरले खेल तर्फ विनियोजन गरीएको बजेट बाट छुट्टयाउने निर्णय गरीयो ।